# राप्ती सोनारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

५ नं. प्रदेश, नेपाल

राप्ती सोनारी गाउँपालिकाको क्षेत्रधिकार भित्र पर्ने राप्ती नदी , मुगुवा खोला ,खैरी खोला र झिझिरी खोलाको नदिजन्य पदार्थ उद्खनन ,संकलन, बिक्रि वितरण **तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आह्वान संम्बन्धी सुचना**

## दोश्रो पटक प्रकासित मिती :२०७६/०७/०९

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ) १ (घ) २ र दफा (घ) ६ समेतमा भएको व्यवस्था , राप्ती नदी ,झिझरी खोला, मुगुवा खोला र खैरी खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, ५ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५, ५ नं. प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५, र यस गाउपालिका गाउँकार्यपालिकाको मिति २०७६/०७/०७ को निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम देहायका शिर्षकहरुमा राजस्व अशुली सम्बन्धी काम आ.व. २०७६/०७७ मा बोलकबोल बढावढको माध्यमबाट ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्म, व्यक्ति वा संस्थाहरुले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि सार्बजनिक खरिद अनुगमन कार्यालयको Website www.bolpatra.gov.np/egp मा बोलपत्र पेश गर्नहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

ठेक्का विवरणः

| ठेक्का न.. | ठेक्काको नाम | उत्खनन परिमाण (घनफिटमा) | दर प्रति घनफिट (वातावरणिय शुल्क समेत) | न्युनतम ठेक्का रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|---|
| ०१/०७६/०७७ | राप्ती सोनारी गाउँपालिकाको क्षेत्रधिकार भित्र पर्ने राप्ती नदी , मुगुवा खोला ,खैरी खोला र झिझिरी खोलाको नदिजन्य पदार्थ उद्खनन ,संकलन तथा बिक्रि वितरण । | ८८,३८,७०१.९३ (अठासी लाख अड्तिस हजार सात सय एक दशमलब त्रियानब्बे घनफिट ) | रु. ६।५० (छ रुपैया पचास पैसा) | ५,७४,५१,५६२.५४( पांच करोड चौरत्तर लाख एकाउन्न हजार पांच सय बैसट्ठी रुपैया पैसा चवौन्न मात्र ) । | ५००० (पांच हजार मात्र ) | कबोल अंकको ५ (पांच ) प्रतिशत |

विरेन्द्र बहादुर मल्ली
प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | खोलाको नाम र घाट | उत्खनन परिमाण (घनफिटमा) |
|---|---|---|
| १. | राप्ति नदीबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, संकलन तथा बिक्री वितरण । (फत्तेपुर शमसेरगजं र आलिनगर घाट) | २३,७३,८१४.८० (तेइस लाख त्रिहत्तर हजार आठ सय चौध दशमलव असी घनफिट) |
| २. | मुगुवा खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, संकलन तथा बिक्री वितरण । ( मुगुवा खोला - १ घाट) | २३,४१,१८०.८० (तेइस लाख एकचालिस हजार एक सय असि दशमलव असी घनफिट ) |
| ३. | भिङ्करी खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, संकलन तथा बिक्री वितरण । (नयाँ गाउ घाटँ) | १८,०८,४५६.३३ (अठार लाख आठ हजार चार सय छपन्न दशमलव तेत्तिस घनफिट ) |
| ४. | खैरी खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, संकलन तथा बिक्री वितरण । (गोभारपुर गाउँ घाट ) | २३,१५,२५० (तेइस लाख पन्ध्र हजार दुई सय पचास घनफिट ) |
| जम्मा | | ८८,३८,७०१.९३ (अठासी लाख अड्तिस हजार सात सय एक दसमलब त्रियानब्बे घनफिट मात्र ) |

क) **ठेक्का सम्वन्धि शर्तहरु :-**

१. **माथि उल्लेखित ठेक्काको लागि** सूचना प्रकाशित भएको मिति देखि Website मा तोकिएको मिती र समय सम्ममा सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट **बोलपत्र फारम** Download गरी **तोकिएको समयावधी भित्र पेश गर्नुपर्नेछ ।**

२. सार्वजनिक खरिद अनुगमन कार्यालयको Website मा तोकिएको मिती समयभित्र बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा अध्यावधिक रहेको व्यसाय दर्ता प्रमाणपत्र , कम्पनि वा फर्म दर्ता प्रमाणपत्र ,मूल्यअभिबृधि कर दर्ता प्रमाणपत्र ,स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र , आ.व. २०७४/७५ वा २०७५/७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु,बोलपत्र खरिद दस्तुरबापत लाग्ने रकम रु. ५००० यस कार्यालयको सम्शेरगन्ज स्थित हिमालयन बैंक लिमिटेडमा रहेको सन्चित कोष खाता नं. ०५२०७५४०५१००११ मा जम्मा गरेको भौचर तथा बोलपत्रमा पेश गर्नुपर्ने भनि उल्लेख गरिएका सम्पूर्ण कागजातहरुका प्रतिलिपि Scanning गरी तोकिएको ढाचामा Upload गर्नु पर्ने छ । बोलपत्र खरिद गर्ने रसिद , भौचर तथा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मितीभन्दा पछिकोलाई मात्र मान्यता दिईनेछ ।

३. **.ठेक्का अवधि** बढीमा २०७७ साल **जेठ मसान्तसम्म रहनेछ । बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईनेछैन । प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाईनेछैन ।**

४. **माथि उल्लेखित ठेक्का कबोल अंकको थप मूल्य अभिबृद्धि कर १३ प्रतिशत राजश्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई** ठेक्का सम्झौता हुनु पूर्व **सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।**

५. **धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको शमशेरगजं स्थित हिमालयण बैंक लि.मा रहेको धरौटी खाता नं. ०५२०७५४०५१००१४ मा** जम्मा गर्दा चेक दाखिला (क्लियारिङ्ग ) गरेको भौचर नभई नगदै जम्मा गरेको सक्कल भौचर वा बैंक बाट जारी गरिएको गुड फर पेमेन्टको चेक गाउँपालिकाको खातामा जम्मा गरेको चेकको फोटोकपी र सक्कल बैंक भौचर **वा बोलपत्र खरिद गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (विड बण्डको सक्कल प्रति)** Scanning गरी तोकिएको ढाचामा Upload गरी **बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ ।**

६. **कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ तथा बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुनेछैन, साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारबाहि हुनेछैन, ठेक्कामा कुनै विवाद भएमा राप्ति सोनारी गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।**

विरेन्द्र बहादुर मास्की
प्रमुख प्रशासकीय अधिकृत

राप्ति सोनारी गाउँपालिका
बाँके
२०७२

७. उपरोक्त ठेक्काको लागि मिती २०७६/०७/२४ गते सम्म कार्यालय समयभित्र विधुतीय बोलपत्र खरिद गरी मिती २०७६/०७/२५ गते दिनको १२:०० बजेभित्र रितपुर्वक विधुतीय बोलपत्र बुझाउनुपर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे राप्ति सोनारी गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

८. बोलपत्र फारमहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा खोलिने कार्य गरिनेछ ।

९. एक फर्म वा संस्थाको नाममा खरीद गरीएको फारम अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

१०. तोकिएको म्याद भित्र ठेक्का सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरीनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएका आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुंदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांँकनमा समावेश गरिनेछैन ।

१३. दुई वा दुई भन्दा बढी बोलपत्रदाताहरुको कबोल अंक बराबर भएमा कबोल अंक बराबर हुने बोलपत्रदाताहरुलाई गोप्य सिलबन्दी कबोल अंक प्रस्तुत गर्न पुन ७ दिनको समय प्रदान हुनेछ ।

ख) आय ठेक्का सम्वन्धि अन्य शर्तहरु :-

१. बोलपत्र स्विकृत भएमा सो को सूचना पाएको वा सूचना टाँस भएको मितिले १५ दिन भित्र मू.अ.कर दर्ता प्रमाण पत्र समेत लिई ठेक्का अंकको कुल रकम एकमुस्ट रुपमा पनि बुझाउन सकिनेछ तर एकमुस्ट रकम बुझाउन नसकिने भनि निबेदन पेश गरेमा प्रथम किस्ता वापत ५० प्रतिसत रकम अनिवार्य रुपमा बुझाउनु पर्ने छ । दोश्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैङ्कबाट ईजाजत प्राप्त बाणिज्य बैङ्कबाट यस कार्यालयको नाममा २०७७ श्रावण मसान्त सम्म म्याद सहित जारि भएको बैंक ग्यारेन्टि (परफरमेन्स बण्ड) पेश गरि ठेक्का सम्झौता गर्नु पर्ने छ । बाकी रकम २०७६ साल फाल्गुन मसान्तभित्र अनिवार्य दाखिला गर्नु पर्ने छ अन्यथा बैंक जमानत जफत गरिनेछ ।

२. यस गाउपालिका भित्रका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा भएका अध्ययन एबं प्रतिबेदन तथा नेपाल सरकारबाट भएका निर्देशनहरु, राप्ति सोनारी गाउपालिकाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन सम्बन्धि कार्ययोजना २०७५ र ५ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५, ५ नं. प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन ।

३. राप्ति सोनारी गाउँपालिकाको विकास निर्माण कार्यक्रम सञ्चालन गर्ने क्रममा गाउँपालिका स्वयम् वा अमानतमा सवारी साधन मार्फत वर्ष दिनभरी प्रयोग गरेको गिट्टी, बालुवा, ग्राभेल, आदी र विदेशी दातृ निकायसँग भएको करछुट सम्बन्धि सम्झौता भई सञ्चालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउनेछैन ।

४. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरको बिचमा खोलिनेछ तर, बोलपत्रदाता वा निजको प्रतिनिधि सो कार्यालयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

५. बोलपत्र खरिद गर्ने तथा पेश गर्ने कार्य विधुतीय खरिद प्रणाली (**E- Bidding**) मार्फत मात्र गर्न सकिने छ ।

६. बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्राप्त गरी तोकिएको समय भित्र कार्यालयमा सम्झौता गरी सक्नु पर्ने छ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुने छ ।

७. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

बिस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाइट www.raptisonarimun.gov.np मा समेत हेर्न सकिने छ ।

राप्ती सोनारी गाउँपालिका
बाँके
२०७३

प्रमुख प्रशासकीय अधिकृत
विरेन्द्र बहादुर मामी
प्रमुख प्रशासकीय अधीकृत